# भिमसेनथापा गाउँपालिकाको आर्थिक ऐन, २०७६

**भिमसेनथापा गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**प्रस्तावनाः**

भिमसेनथापा गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भिमसेनथापा गाउँ सभाले यो विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहेको छ ।
(२) यो विधेयक २०७६ साल श्रावण १ गतेदेखि **भिमसेनथापा थापा** गाउँ क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** भिमसेनथापा गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** भिमसेनथापा गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** भिमसेनथापा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** भिमसेनथापा गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** भिमसेनथापा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** भिमसेनथापा गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** भिमसेनथापा गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** भिमसेनथापा  गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** भिमसेनथापा  गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेकामा हाट बजार वा पसलमा बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** भिमसेनथापा  गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** भिमसेनथापा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** भिमसेनथापा  गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (८) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः** भिमसेनथापा  गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः**यस विधेयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो विधेयकमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि भिमसेनथापा  गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसुचि १

**एकिकृत सम्पत्ति कर :** नेपालको संविधान २०७२ वमोजीम स्थानीय तहलाई प्राप्त अधिकार सुचीमा भएको व्यवस्था अनुसार स्वघोषणाको आधारमा साथै भिमसेनथापा गाउपालिकाको एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि २०७६ बमोजिम २०७६  श्रावण १ वाट लागु हुने गरी निर्णय गरिएको छ।



Scanned with CamScanner

# अनुसुचि २

## मालपोत

२०७४ श्रावण १ वाट लागु भएको मालपोत कर आ.व. २०७६/०७७ को लागि २०७६ श्रावण १ गतेदेखि लागू गर्न मालपोत करका दरहरु परिमार्जन सहित प्रस्ताव गरिएका छन । करको दररेट :

| जग्गाको क्षेत्रफल | ईकाई | खेत | | | | पाखो जग्गा | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अब्बल | दोयम | सिम | चाहार | अब्बल | दोयम | सिम | चाहार |
| दर | प्रतिरोपनी (एक रोपनीसम्म) | १५ | १५ | १० | १० | १५ | १५ | १० | १० |

एक रोपनीभन्दा माथिको जग्गाको लागि रोपनीको आधारमा, जम्मा रोपनी × प्रतिरोपनी दर अनुसार हिसाब गरी निकालिनेछ ।

रोपनीको गणना गर्दा अशंमा गणना नगरी सो भन्दा माथिल्लो पूर्ण अकंमा गणना गरिनेछ ।

# अनुसुचि ३

**बहाल कर :**

(क) गाउपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड कारखाना, जग्गा आदि वहालमा दिएकोमा सम्बन्धित धनीबाट १० (दश) प्रतिशत स्थानीय वहालकर लिने ।

(ख) गाउपालिका क्षेत्रमा आफुले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफिट रु. २ देखि १० सम्म मासिक वहाल विटौरी लिने ।

क) हल भाडा प्रोजेक्टर सहित दिनको रु १,५००।००

ख) हल भाडा प्रोजेक्टर बाहेक दिनको रु. १,०००।००



Scanned with CamScanner

१०. व्यवसाय कर : (वार्षिक दर्ता शूल्क)

| क्र.स. | शिर्षक | शहरी क्षेत्र |
|---|---|---|
| १ | होटल, लज, रेष्टूरेन्ट, बार, क्याफे, भोजनालय, मिष्ठान भण्डार, | |
| | क. मदिरा समेत विक्रि गर्ने होटल लज समेत | २००० |
| | ख होटल, लज समेत | १५०० |
| | ग. मदिरा समेत विक्रि गर्ने होटल | १५०० |
| | घ होटल मात्र | १००० |
| २ | टेन्ट हाउस र क्याटरिङ | १००० |
| ३ | सूनचादी पसल | २००० |
| ४ | टेलरिङ व्यवसाय | |
| | क) कपडा पसल सहतिको टेलरिङ्ग | १००० |
| | ख) टेलरिङ (मात्र) | ५०० |
| ५ | सैलून | १००० |
| ६ | क) व्युटि पार्लर (तालिम समेत दिने) | २००० |
| | ख) व्युटि पार्लर पसल मात्र | १००० |
| ७ | क) कम्प्युटर बिक्री | २००० |
| | ख) कम्प्युटर मर्मत | १५०० |
| ८ | क) टि.भि.,फ्रिज, बिक्री | १५०० |
| | ख) टि.भि.,फ्रिज, मर्मत | १००० |
| ९ | क) रेडीयो, मोबाईल, टेलिफोन क्यालकूलेटर,बिक्रि | १००० |
| | ख) रेडीयो, मोबाईल, टेलिफोन क्यालकूलेटर,मर्मत | १००० |
| १० | घडी, अडीयो तथा भिडीयो क्यासेट बिक्रि तथा मर्मत | १५०० |
| ११ | जूत्ता तथा चप्पल बिक्री | १००० |
| १२ | मालबस्तू तथा सेवाको थोक विक्रेता | |
| | ५ भन्दा बढी सामानहरुको डीलर | ५००० |
| | ३ भन्दा बढी ५ वटा सम्म सामानहरुको डीलर | ३५०० |
| | १ भन्दा बडी ३ वटा सम्म सामानको डीलर | २५०० |
| | एउटा मात्र सामानको डिलर | १५०० |
| १२ | औषधि पसल (एलोपेथिक, होमोपेथिक, आयूर्वेदिक),चस्मा पसल | |
| | थोक बिक्रेता | २००० |
| | खूद्रा बिक्रेता | १५०० |
| | साना खूद्रा बिक्रेता | १००० |
| | चस्मा पसल | १००० |
| १३ | नीजि अस्पताल तथा नर्सिङ होम | ५००० |



Scanned with CamScanner

| | | |
|---|---|---|
| १४ | क्लिनीक तथा ल्याब | २००० |
| | डेन्टल अस्पताल | २५०० |
| १५ | डेन्टल क्लिनिक | १५०० |
| १६ | पान पसल | ५०० |
| १७ | लत्ता कपडा धूलाई तथा सरसफाई | |
| | ड्राई क्लीनर्स | १००० |
| | धोबी | ५०० |
| १८ | सिनेमा हल (मनोरञ्जन कर | |
| | क दैनिक रुपमा सचालन हूने | ७००० |
| | ख आशिक रुपमा सचालन हूने | ५००० |
| १९ | आर्ट व्यवसाय | |
| | कामदार राखि व्यवसाय गर्ने | ५००० |
| | आफै गर्ने | ३००० |
| २० | इलेक्ट्रीक सामानहरुको बिक्री | १५०० |
| २१ | फोटो स्टूडीयो | |
| | कलर ल्याब फोटो स्टूडीयो | २००० |
| | फोटो स्टूडीयो | १००० |
| २२ | धागो, टाक, फस्नर | ५०० |
| २३ | भाडा पसल | १५०० |
| २४ | गिफ्ट तथा कस्मेटीक पसल | १००० |
| २५ | प्लाई, सिसा, कार्पेट, फ्रेम आदि बिक्री | २००० |
| २६ | पेट्रोल पम्प | ५००० |
| २७ | ग्यास सिलिण्डर बिक्रेता | २००० |
| २८ | साईकल तथा रिक्सा मर्मत | ५०० |
| २९ | अटोमेकानिक्स तथा ईन्जिनियरिङ (बस, टेक्टर, मोटरसाईकल आदिको पार्टस बिक्री) तथा मर्मत | २००० |
| ३० | लेथ सेक्सन तर्फ | १००० |
| ३१ | मोटर बडी बिल्डर्स | १००० |
| ३२ | टायर मर्मत तथा हावा हाल्ने तथा सिट मर्मत | १००० |
| ३३ | मोटर साईकल सो रुम | ५००० |
| ३४ | पशू ÷ पंछी आहार उद्योग फिडस | २००० |
| ३५ | लेखा परीक्षक | |
| | क र ख श्रेणीलाई | १००० |
| | ग र घ श्रेणीलाई | ५०० |
| ३६ | बैक, फाईनान्स, वित्तिय सस्थाहरु तथा सहकारी बैक नाफामुलक) | |
| | क वर्गको बैक वा वित्तिय संस्था | ५००० |
| | ख वर्गको बैक वा वित्तिय संस्था | ४००० |
| | ग वर्गको बैक वा वित्तिय संस्था | ३००० |



Scanned with CamScanner

| | | |
|---|---|---|
| ६१ | डोको, नाम्लो, भकारी, प्लाष्टिक तथा वेतबासका सामानहरु | १००० |
| ६२ | हार्डवयर्स पसल | ३००० |
| ६३ | चिम्नी उद्योग ( इटा भट्टा ) | ४००० |
| ६४ | मेटलको भाडा बनाउने व्यवसाय | १५०० |
| ६५ | पुस्तक, स्टेश्नरी तथा खेलकूदका सामानहरुको बिक्री | १००० |
| ६६ | केबुल प्रसारण | १५०० |
| ६७ | फोटोकपी, फ्याक्स, लेमिनेशन, ब्यान्डीङ, कूरियर | १००० |
| ६८ | कम्प्युटर, ड्राईभिङ तथा अन्य ईन्स्टीच्यूट | १५०० |
| ६९ | कपडा पसल + फेन्सि पसल सहित | १५०० |
| ७० | छापाखाना तथा कपि, किताब उद्योग | २५०० |
| ७१ | डिजिटल छापाखना | २००० |
| ७२ | साईबर, नेट, फोन सेवा (कम्यूनिकेसन सेवा) क श्रेणी | १५०० |
| ७३ | निर्माण व्यवसायी | |
| | क श्रेणी | ५००० |
| | ख श्रेणी | ३००० |
| | ग श्रेणी | २५०० |
| | घ श्रेणी | १५०० |
| ७४ | रासायनिक मल, विउ विजन, किटनाशक औषधि बिक्री | १००० |
| ७५ | भिडीयो मिक्सीङ्ग, | १५०० |
| ७६ | का मदीरा थोक बिक्री | २५०० |
| | खा मदीरा खुद्रा बिक्री | १५०० |
| ७७ | ट्युसन सेन्टर | १५०० |
| ७८ | वेरिङ रिपेरिङ तथा बिक्री | १००० |
| ७९ | मेशीनरी सामान बिक्री (मोटर, जेनेटर आदि क श्रेणी | ३००० |
| | मेशीनरी सामान बिक्री(मोटर, जेनेटर आदि ख श्रेणी | २००० |
| ८० | पंखा कृषि मोटर मर्मत | १००० |
| | रेमिटेन्स सेवा | १५०० |
| ८१ | कवाडी व्यवसाय | १००० |
| ८२ | मोविल, ग्रिज बिक्री | १००० |
| ८३ | टूर्स एण्ड ट्राभल | २००० |
| ८४ | कूरियर तथा कार्गो सेवा | २००० |
| ८५ | गिटी, बालूवा, ढुगा लगायत निर्माण सप्लाई | १५०० |
| ८६ | भेटेरेनरी सेवा | १००० |
| ८७ | चिया पसल | १००० |
| ८८ | कार्यालय हल भाडा (प्रति दिन) | ५०० |
| ८९ | जडिबूटी वनजन्य उद्योग (खोटो लगायत) | २५०० |
| ९० | विभिन्न कल्याणकारी संघ संस्था दर्ता | २००० |
| ९१ | कपडा पसल थान मात्र | १००० |



Scanned with CamScanner

| | | |
|---|---|---|
| | कृषि व्यवसाय तर्फ | |
| ९२ | वाखा पालन | ५०० |
| ९३ | भैसी पालन | ५०० |
| ९४ | माछा पालन | ५०० |

## अनुसुचि ५

| | | |
|---|---|---|
| | **सवारी कर :** | |
| | **सवारीको किसिम** | **दर** |
| (क) | वस, ट्रक, लहरी टेक्टर आदि हेवी सवारी वार्षिक | रु. १०००।- |
| (ख) | भाडाका कार, जिप, माइक्रो वस वार्षिक | रु. ५००।- |
| (ग) | भाडाको टेम्पोमा वार्षिक | रु. ३००।- |
| (घ) | निजी कार, टेम्पो मिनिवस वार्षिक | रु. ३००।- |
| (ङ) | भाडाको मिनिवस वार्षिक | रु. ५००।- |
| (च) | पावरटेलर वार्षिक | रु. १५०।- |
| (छ) | ठेलागाडा, रिक्सा वार्षिक | रु २५।- |

| | | |
|---|---|---|
| | **पटके सवारी कर** | |
| क) | डोजर, लोडर, जेसिवी ठुला उपकरण | रु.२००। |
| ख) | बस,ट्रक टेक्टर लहरी लगायत ठुला सवारी साधन | रु. १००।– |
| (ग) | माइक्रो/कार/जीप (भाडाका) | रु. ५०।– |
| घ) | साना निजी सवारी साधन | रु. ३०।– |

## अनुसुचि ६

| | | |
|---|---|---|
| | **विज्ञापन कर :** | |
| | **विज्ञापन करको दर वार्षिक :** | |
| क) | ग्लो साइनबोर्ड, डिपिएस बोर्ड प्रति व.फि. | रु ५०। |
| ख) | वाल पेन्ट विज्ञापन प्रति व.फि. | रु ५। |
| ग) | व्यानर (बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा | रु ३००। |



Scanned with CamScanner

## अनुसुचि ७

**मनोरञ्जन कर : -**

| | |
|---|---|
| क) | सिनेमाहल, भिडियोहल, सास्कृतिक प्रदर्शनहल, थ्रिएटर संगित तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्क मा रु. १।- का दरले मनोरञ्जन कर लगाउने । |
| ख) | जादु, सरकश, चटक, आदिमा प्रतिदिन रु. ४००।- , मासिक १०,०००।– लगाउने । |

## अनुसुचि ८

आ.ब.०७६/७७ को लागि गाउसभावाट पारित सेवा शुल्क, कर तथा दस्तुरहरु दररेट

**सेवा शुल्क:**

| सि.नं. | सेवाको किसिम | साविकको दर | दर (रु.) |
|---|---|---|---|
| १ | पक्का घरको सर्जमिन वापत | | ५००। |
| २ | अन्य सवै प्रयोजनको सर्जमिन वापत | | २००।- |
| ३ | अचल सम्पत्ति मूल्याकंन | मुल्याङकन अंकको | ०.०५ प्रतिशत |
| ४ | रकम कलम उठाई दिएवापत सयकडा | | २।- |
| ५ | निजी विद्यालयको दर्ता सिफारीस शुल्क | मा.वि./ आधारभुत/ प्रा.वि | २०००/१५००/१०००।- |
| ६ | हरेक निवेदन दर्ता शुल्क प्रतिगोटा | | १०। |
| ७ | मिलापत्र शुल्क (दुवै पक्षसँग आधा आधा) | | ५००।- |
| ८ | घर नम्वरिङ्ग प्लेट प्रति गोटा | | ५०।- |
| ९ | टो.वि.स. दर्ता शुल्क/नविकरण | | ५००।- |
| १० | स्थलगत प्राबिधिक सेवा शुल्क | | २०००।- |
| ११ | घर निर्माणमा लाग्ने पुर्वाधार मर्मत संभार शुल्क | | ५००। |
| १२ | नागरिकता सर्जमिन मुचुल्का शुल्क | | ५०० ।- |
| १३ | कृषि/पशुपंछीजन्य व्यवसाय दर्ताको सर्जमिन | | ५०० ।- |



Scanned with CamScanner

विभिन्न प्रमाणित तथा सिफारीस दस्तुर :

| | | |
|---|---|---|
| १ | पक्कि वाटो छोएको | ४००। |
| २ | ग्रावेल वाटो | ३००। |
| ३ | कच्ची वाटो | २००। |
| ४ | गोरेटो वाटो | १५०। |
| ५ | वाटोले नछोएको | १००। |

| सि.नं. | सेवाको किसिम | दर | |
|---|---|---|---|
| १ | घरवाटो साध सिमाना प्रमाणित | | |
| क) | पक्कि वाटो छोएको | ४००। | |
| ख) | ग्रावेल वाटो | ३००। | |
| ग) | कच्ची वाटो | २००। | |
| घ) | गोरेटो वाटो | १५०। | |
| | वाटोले नछोएको | १००। | |
| २ | घर निर्माण सम्पन्न प्रमाणपत्र (कच्ची) | २००।- | |
| ३ | घर कायम (पक्की घर) | ५००।- | |
| ४ | घर कायम (कच्ची घर) | १००।- | |
| ५ | घर नक्सा नामसारी पक्की (एकाघर) | ५००।- | |
| ६ | घर नक्सा नामसारी पक्की (एकाघर नभएमा)) | १०००।- | |
| ७ | कच्ची घर (ढुंगामाटोको जोडाई जस्ताको छाना) नक्सा नामसारी | २००।- | |
| ८ | कच्ची घर फुसको छाना भएको वा सामान्य घर वा टहरा नक्सा नामसारी | १००।- | |
| ९. | अस्थायी टहरा निर्माणको इजाजत दस्तुर (व्यवसायीक) | ५००।- | |
| १० | छुट जग्गा दर्ताको सिफारिस दस्तुर | ५००।- (एक रोपनी भन्दा माथि प्र.रो थप रु.१००।-) | |
| ११ | विद्युत जडानको सिफारिस दस्तुर | | १००।- |
| १२ | निजीधारा वा टेलिफोन जडान सिफारिस दस्तुर | | १००।- |



अध्यक्ष

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १३ | बैदेशिक रोजगारको लागि सिफारिस | | ५००। |
| १४ | परिवार ल्याएको/लगेको सिफारिस | | ५००। |
| १५ | विवाह दर्ता सिफारिस (विदेशीसाग) | | १०००। |
| १६ | नाता प्रमाणित दस्तुर | | २००। |
| १७ | वसोवास प्रमाणित (बैदेशिक प्रयोजन) | | ५००। |
| १८ | बसोवास प्रमाणित (स्वदेशी प्रयोजन) | | २००। |
| १९ | नाफामूलक संस्था दर्ता/नविकरण सिफारिस | | २०००। |
| २० | सेवामूलक संस्था दर्ता/स्वदेशी प्रयोजन | | ५००। |
| २१ | निजी विद्यालय सञ्चालनको सिफारिस | | ५०००। |
| २२ | निजी विद्यालय कक्षाथपको सिफारिस | | २०००। |
| २३ | मोही नामसारी सिफारिस | | २००। |
| २४ | सम्बन्ध विच्छेदको सिफारिस | | ३००। |
| २५ | ठुला उद्योग स्थापनाको सिफारिस | | ३०००। |
| २६ | मझौला उद्योग स्थापनाको सिफारिस | | २०००। |
| २७ | साना तथा घरेलु उद्योगको सिफारिस | | ५००। |
| २८ | रुख काट्ने सिफारिस प्रति गोटा (स्वीकृत आवश्यक पर्नेमा) | | |
| २९ | नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस | | २००। |
| ३० | भारतीय पेन्सनपट्टा सम्बन्धी सिफारिस | | ५००। |
| ३१ | अन्य मुलुकको पेन्सनपट्टा सिफारिस | | १०००। |
| ३२ | सम्पत्ति हस्तान्तरण सिफारिस ( नेपालको लागि) | | ५००। |
| ३३ | सम्पत्ति हस्तान्तरण सिफारिस ( विदेशको लागि) | | १०००। |
| ३४ | व्यक्तिगत घटनादर्ता (जन्म,मृत्यु, विवाह, सम्बन्धविच्छेद, बराईसराई) प्रमाणित, सेवा शुल्क ३५ दिन देखि ७० दिन सम्म | | १०। |
| ३५ | व्यक्तिगत घटनादर्ता (जन्म,मृत्यु, विवाह, सम्बन्धविच्छेद, बराईसराई) प्रमाणित, सेवा शुल्क ७० दिन पछि | | ५०। |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३६ | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित तथा सिफारिस | | २००। | |
| ३७ | अंग्रेजीमा सिफारीस | | ५००। | |
| ३८ | अविवाहित प्रमाणिकरण, नाताप्रमाणित दस्तुर | | ५००। | |

**जरिवाना/पुरस्कार**

यस गाउँपालिकाको अनुमति नलिई वा सार्वजनिक जग्गा, बाटो, मन्दिर, चोक, ढल, नाला, पोखरी आदि मिची भवन निर्माण गरेको वा गरिरहेको ठहरिएमा दश हजार रुपैया जरिवाना गरी सो वापतको जरिवाना रकम असुल भएपछि त्यसको २० प्रतिशत रकम लिखित उजुर दिने व्यक्तिलाई पुरस्कार स्वरुप प्रदान गरिने ।

**जरिवाना**

नोट :यस गाउँपालिकालाई तिर्नु बझाउनु पर्ने कुनै पनि कर,शुल्क,भाडा वा यस्तै प्रकृतिका कुनै पनि दायित्व चालू आ.व. भित्र नतिरेमा/नबुझाएमा पहिलो वर्षको लागि २० प्रतिशत, दोस्रो वर्ष २५ प्रतिशत र चौथोबाट ३० प्रतिशत थप जरिवाना समेत असुल उपर गरिने निर्णय गरियो ।

यस गाउँपालिकालाई तिर्नु/बुझाउनु पर्ने कुनै पनि कर, शुल्क, भाडा वा यस्तै प्रकृतिका कुनै पनि दायित्व चालु आ.व. भित्र नतिरेमा/नबुझाएमा ३५ दिन थप म्याद दिइनेछ र ३५ दिन सम्म पनि नतिरेमा/नबुझाएमा पहिला मासिक २ प्रतिशत क्रमश दोस्रो महिना देखि १ प्रतिशत थप जरिवाना समेत असुल उपर गरिने निर्णय गरियो ।

भिमसेनथापा गाउँपालिकाको पाचौं गाउँसभाको मिति २०७६/३/३० गते वसेको दोश्रो वैठकले पारित गरिएको आर्थिक विधेयक २०७६ गाउँपालिकाका अध्यक्ष श्री ईश्वर पाण्डेवाट प्रमाणिकरण गरिएकोछ ।

नाम : ईश्वर पाण्डे

पद : अध्यक्ष

मिति : २०७६।०३।३०

Scanned with CamScanner